# स्वशासन अध्ययन प्रतिष्ठान

# Institute of Local Governance Studies (Inlogos)

## को

## वार्षिक प्रगति प्रतिवेदन

## आ.व. ०६१/०६२

## स्वशासन अध्ययन प्रतिष्ठान

नेपाल जस्तो बहुजातीय, बहुभाषिक र भौगालिक विविधता भएको मुलुकमा केन्द्रीय शासन प्रणालीबाट जनस्तरको सेवा सुलभ गराउन नसक्ने र प्रजातान्त्रिक मूल्य र मान्यता अनुरुपको शासन व्यवस्था कायम गर्न नसकिने भएकाले नै स्थानीय स्वायत्त शासन प्रणालीको आवश्यकताको बोध भएको हो ।

गैरसरकारी क्षेत्रबाट स्थानीय स्वायत्तको पैरवी गर्ने, विज्ञ सेवा प्रदान गर्ने, अनुसन्धान तथा अध्ययन गर्ने, सूचनाको सञ्जालभित्र सबैलाई समेटी स्थानीय स्वायत्तताको जानकारी प्रवाह गर्ने संस्थाको खाँचो चौतर्फी रुपमा महशुस भएकाले यस क्षेत्रका विज्ञ, विकास पेशेवार, सहजकर्ता र नीति निर्माताहरुको सामूहिक प्रयासबाट 'स्वशासन अध्ययन प्रतिष्ठान' गठन गरी संचालन गरेको हो । यो प्रतिष्ठान वि.सं. २०६२ वैशाखमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई समाज कल्याण परीषद्संग समेत आवद्ध भएको छ । यस प्रतिष्ठानका उद्देश्यहरु निम्न बमोजिम छन् ।

- स्थानीय स्वायत्त शासन पद्दतिको पैरवी गर्ने र यसका सिद्धान्त, नीति, व्यवहारसँग सम्बद्ध विविध पक्षमा सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा मूल्यांकनगरी प्रकाशन गर्ने र सूचना प्रवाह गर्ने ।
- स्थानीय निकायहरु र त्यस्ता निकायहरुको संघ/महासंघहरुको क्षमता विकासको लागि सहभागितात्मक कार्यक्रम संचालन गर्ने, कार्यशाला, गोष्ठी वा तालिम संचालन गर्ने, स्थानीय निकाय र केन्द्रीय निकायहरु बीचको समन्वय र सहयोगलाई सवल गराई निक्षेपणमुखि बनाउन मद्दत गर्ने ।
- सार्वजनिक र नीजि क्षेत्रबीचको सहकार्यलाई प्रबर्धन गर्न सहयोग पुऱ्याउने, स्थानीय स्तरमा पूँजी निर्माण र पूँजी बजार व्यवस्थाका लागि सहयोग पुऱ्याउने ।
- स्थानीय स्वायत्तताको पक्षमा राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्जालको कार्य गर्ने र त्यस्ता संस्थाहरुसँग सहयोग आदान-प्रदान गर्ने र स्वयंसेवक तथा विज्ञहरुको परिचालन गर्ने ।
- महिला र विकासमा पछि परेका समूदायलाई विकासको मूल प्रवाहमा ल्याउन सहयोग पुऱ्याउने ।

यी उद्देश्य प्राप्त गर्नको निम्ति प्रतिष्ठानले स्थानीय निकाय, दातृ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्य गर्ने रणनीति अवलम्वन गरिएको छ । साथै यस प्रतिष्ठान मार्फत स्थानीय स्तरका विकास निर्माणका कार्यहरुलाई सहजीकरण गर्न उपयुक्त प्रविधिको प्रवर्द्धन, तालिम, कार्याशाला, गोष्ठीहरुको आयोजना, निर्देशिका तथा कार्यविधिको प्रकाशन, मापदण्डको तर्जुमा तथा सहयोगी पुस्तकहरुको प्रकाशन गर्नेछ ।

यस प्रतिष्ठानमा संलग्न कर्मचारीहरु विभिन्न क्षेत्रमा लामो समयसम्म कार्यरत भई विगतमा समेत स्थानीय निकायहरुको प्रवर्द्धनको निम्ति कार्य गरिआएका छन् । यो संस्थाले छोटो अवधिमा समेत स्थानीय निकायमा कार्यरत संस्थाहरुसँग सहकार्य गरी योजना तर्जुमा, अध्ययन,

निर्देशिकाको प्रकाशन, तालिमको कार्यक्रमको आयोजना सम्मन्न गरेको छ । हाल यस संस्थाको कार्य समितिमा ८ जना छन् र ३१ जना संस्थापक सदस्यहरु रहेका छन् ।

## आ.व. ०६१/०६२ मा प्रतिष्ठानले हासिल गरेका उपलब्धीहरु

### क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा प्रकाशित प्रतिवेदनहरुको तुलनात्मक अध्ययन

यस प्रतिष्ठानले जनहित संरक्षण मञ्च (Pro-Public) को सहयोगमा अ.दु.अ.आयोगको बिगतका सात वर्षको वार्षिक प्रतिवेदनहरुको तुलनात्मक अध्ययन गरेर सो प्रतिवेदन प्रकाशित गरेको छ । यस प्रतिवेदनमा विगतमा परेका भ्रष्टाचारको उजुरीहरुमाथिको आयोगबाट भएको कारबाहीमा देखिएका सवल पक्ष, कमी कमजोरी तथा सुधार गर्ने पक्षका सुझावहरु समावेश गरिएका छन् ।

### ख) जिल्ला विकास समितिमा विषयगत शाखा स्थापना र संचालन सम्बन्धी कार्यविधिको तर्जुमा

यस प्रतिष्ठानले जिल्ला विकास समिति सिन्धुपाल्चोकको सहयोगमा उक्त जिल्लाको लागि स्थानीय स्वायत्त शासन ऐनले तोके बमोजिम विभिन्न मन्त्रालयले जिल्ला विकास समितिलाई हाल निक्षेपण गरिएका क्षेत्रहरुमा विषयगत शाखा स्थापना गरी संचालन गर्नको निम्ति कार्यविधि तयार पारेको छ । जिल्ला विकास समितिका विषयगत दायित्वलाई व्यवस्थित गर्न र स्थानीय स्तरमा प्रवाह गरिने सेवाको गुणस्तर प्रभावकारी गर्न यो कार्यविधि प्रयोग हुनेछ ।

साथै यसै आ.व. मा प्रतिष्ठानले ललितपुर उपमहानगरपालिका र विराटनगर उपमहानगरपालिका सित अर्धन्यायिक कार्य सम्बन्धी निर्देशिका तयार गर्ने सम्बन्धि सम्झौता मा हस्ताक्षर सम्पन्न गरेको छ ।

यसै आ.व. मा प्रतिष्ठानले काठमाडौं महानगरपालिका सित काठमाडौं महानगरपालिकाको कर्मचारीको अभिलेख तथा फाइलिङ् व्यवस्थापनको अध्ययन गर्ने सम्बन्धि सम्झौता मा हस्ताक्षर सम्पन्न गरेको छ ।

यसै आ.व. मा प्रतिष्ठानले डेनिस सरकारको विकेन्द्रिकरण सहयोग एकाई (DASU/Danida) को सहयोगमा प्रस्ताव तयारी तथा प्रतिवेदन लेखनको तालिम आयोजना गर्नको निम्ति सम्झौता मा हस्ताक्षर सम्पन्न गरेको छ ।